प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
## बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्याः-
चलानी नं.:-

मितिः २०७७।०८।१८

## प्रेस विज्ञप्ती

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) महामारीबाट सिथिल भएका कृषि, उद्योग, व्यापार व्यवसायसँग सम्बन्धित क्षेत्रहरुमा उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ब्याजदरमा ऋण उपलब्ध गराउने व्यहोरा बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेट बक्तव्यको बुँदा १४९ मा घोषणा गरिएको थियो । यस कार्यक्रम संचालन गर्न "उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, (संशोधन) सहित २०७७" प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई प्रदेश राजपत्रमा प्रकाशित गरिएको छ । सहुलियतपूर्ण ऋण लगानी सम्वन्धी कार्यक्रममा प्रमुख अतिथि माननीय मुख्यमन्त्री डोरमणी पौडेलज्यूको समुस्थितिमा भएको थियो। कार्यक्रमको उद्घाटन माननीय मुख्यमन्त्री डोरमणि पौडेलज्यूले गर्नु भएको थियो।

यस कार्यक्रममा बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्री शालिकराम जमरकट्टेल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री अरुण प्रसाद नेपाल, आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री कैलाश प्रसाद ढुंगेल र भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय मन्त्री रामेश्वर फुँयाल, प्रदेश सभाका सभापतिहरु, प्रदेश सभाका माननीय सदस्यहरु, मुख्य सचेतक, प्रदेश सरकार प्रमुख सचिव डा मान बहादुर बि.क., प्रदेश लोक सेवा आयोगका अध्यक्ष सुरेश मान श्रेष्ठ, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष श्याम बस्नेत, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामाणि सिवाकोटी, प्रदेश मन्त्रालयका सचिवज्यूहरु एंव कृषि विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री अनिल कुमार उपाध्याय एवं विभिन्न पदाधिकारी, साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका अध्यक्ष खेम बहादुर पाठक, साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका का.मु. नायव प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराई, कृषि विकास बैंक लिमिटेडको तर्फबाट बागमती प्रादेशिक कार्यालय गौशाला काठमाडौ र प्रादेशिक कार्यालय विरेन्द्रनगरका निर्देशक श्री कृष्ण नकर्मी र सुन्दर प्रसाद खतिवडा, मन्त्रालयका कर्मचारीहरु, पत्रकार लगायत विभिन्न सरोकारवाला महानुभावहरुको उपस्थिति रहेको थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रदेश सचिव डण्डुराज घिमिरेले सहभागी तथा अतिथिहरुलाई स्वागत गर्नुहुँदै कोरोना भाइरस महामारीबाट सिथिल भएको कृषि, उद्योग, व्यापार व्यवसायसँग सम्बन्धित क्षेत्रहरुमा उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण व्याजदरमा ऋण उपलब्ध गराउन प्रदेश सरकारको बजेट बक्तव्यमा उल्लेख भएअनुसार कार्यक्रम सुरु भएको र यो कार्यक्रमबाट तल्ला तहका नागरिकहरुले सहुलियत पाउने हुदाँ कृषि विकास बैक तथा साना किसान विकास लघुबित्तीय संस्थासँगको छलफल, पसमर्श

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्याः-
चलानी नं.:-
मितिः २०७७/०८/१८

पश्चात् सम्झौता पत्र तयार भएकोले बैंक तथा वित्तीय संस्थाहरूलाई कार्यक्रमको मर्मलाई आत्मसाथ हुने गरी लगानी गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा साना किसान लघुवित्तको तर्फबाट का.मु नायब प्रमुख कार्यकारी अधिकृत श्री झलेन्द्र भट्टाराई , कृषि विकास बैंकको तर्फबाट प्रदेश निर्देशक श्री कृष्ण नकर्मी, श्री सुन्दर प्रसाद खतिवडा र प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री डण्डुराज घिमिरेबाट सम्झौतामा हस्ताक्षर भएको छ । साक्षीको रूपमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा मतिना बैद्य जोशी र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा सिन्धु प्रसाद ढुंगाना सहित रहनु भएको छ । कृषि विकास बैंकको तर्फबाट का.मु. उपप्रबन्धक श्री प्रताप सुवेदी तथा साना किसान लघुवित्तको तर्फबाट श्री शेर बहादुर चौधरीले साक्षीको रुपमा बैंक तथा वित्तिय संस्थाबाट हस्ताक्षर गर्नु भएको थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यविधि बनाएर ऋण प्रवाहका लागि कृषि विकास बैंक लिमिटेड तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडसँग मिति २०७७/०८/१८ गते बिहीबार सम्झौता गरेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री डण्डुराज घिमिरेबाट कार्यविधिको प्रावधान तथा क्षेत्र एवं कार्यविधिका मुख्य बुँदा निम्न बमोजिम संक्षिप्त कार्यपत्र प्रस्तुतिकरण गर्नुभएको थियो ।

मुख्य उद्देश्य

- कृषि, पशुपंक्षी, मत्स्य क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि गर्नुका साथै रोजगारी सिर्जना गर्ने,
- वन तथा वातावरण र पर्यटन क्षेत्रको वृद्धि गरी रोजगारी प्रवर्द्धन गर्ने,
- बेरोजगार युवाहरुलाई रोजगारमा आबद्ध गर्ने, फोहरमैला व्यवस्थापन गर्ने,
- महिला तथा दलित समुदायको उद्यमशीलतालाई प्रवर्द्धन गर्ने,
- उत्पादनशील कार्यक्रमको लागि लगानी प्रवर्द्धन गर्ने,
- कोरोना भाइरस (कोभिड-१९) बाट प्रभावित कृषि, पर्यटन एवं रोजगारीमूलक घरेलु तथा लघु उद्योग व्यवसायीलाई पुनर्उत्थान गर्ने।
- अधिकतम रु १० लाखसम्म ऋण प्रवाह हुने ।
- वार्षिक ३(तीन) प्रतिशत ब्याजदर भन्दा बढी नहुने गरी ब्यवस्था मिलाइएको छ ।

यो कार्यक्रम सञ्चालनका लागि आर्थिक मामिला तथा योजना मन्त्री संयोजक रहने गरी ५ सदस्यीय कार्यक्रम निर्देशक समिति गठन गरिने भएको छ । यस्तै मन्त्रालयको सचिवको संयोजकत्वमा कार्यक्रम कार्यान्वयन

फोन : ०५७-५२७५२०, E-mail:moeap@bagamati.gov.np, URL: moeap.bagamati.gov.np

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

(छाप: प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल)

पत्र संख्याः-

चलानी नं.:-

मिति: २०७७।०८।१८

तथा अनुगमन समिति, सम्बन्धित जिल्लामा अनुगमन गर्न जिल्ला समन्वय समिति संयोजक रहेको समिति समेत गठन गरिने कार्यविधिमा उल्लेख गरिएको छ ।

सहुलियतपूर्ण ऋण लगानी कार्यक्रमको सफलताको शुभकामना राख्ने क्रममा साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेडका तर्फबाट संस्थाका प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोईरालाबाट कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्दै प्रदेश सरकारको ऐतिहासिक कार्यक्रमको रूपमा चित्रण, गरिवी निवारण तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने नविनतम कार्यक्रमको रूपमा व्याख्या, सामाजिक चेतना, मानव पुंजी विकास, स्वावलम्बन तथा सशक्तिकरणमा संस्थाले कार्य गर्दै आएको र प्रदेश सरकारले गरेको विश्वासले थप उर्जा प्रदान गरेको एवं कार्यक्रमको सफलताको लागि कटिबद्ध रहेको प्रतिबद्धता समेत व्यक्त गर्नु भएको थियो ।

कृषि विकास बैंकका तर्फबाट प्रमुख कार्यक्रम अधिकृत अनिल कुमार उपाध्यायद्वारा संस्थाको तर्फबाट यस किसिमका कार्य विगतमा पनि गर्दै आएको विचार राख्दै केन्द्रिय बैंकको निर्देशन, बैंकको प्रक्रिया तथा वित्तिय अनुशासन भित्र रहि संस्थागत रूपमा समन्वय गरी कार्य गर्ने, प्रदेश भित्र कृषि विकास बैंकको सेवा विस्तार, प्रविधि मैत्री बैंकिङ्ग प्रणालीमा गरेको सुधार तथा यस कार्यक्रमका लागि छिट्टै बैंकिङ सूचना प्रणाली विकास गरी मन्त्रालयलाई प्रतिवेदन हेर्न सक्ने गरी पहुँच उपलब्ध गराउने सम्बन्धमा पनि प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

नेपाल राष्ट्र बैंकको तर्फबाट डेपुटि गभर्नर श्री चिन्तामणि सिवाकोटीबाट कार्यक्रमको सफलता लगायत यसका चुनौती र गर्न सकिने सुधारका विषयमा हालको विषम परिस्थितिले नेपालको वित्तिय संस्थाहरूमा पारेको असर, राष्ट्रिय तथा अन्तराष्ट्रिय आर्थिक परिसूचक माथि प्रकाश पार्नु हुँदै समृद्ध नेपाल, सुखी नेपालीको महान उद्देश्य प्राप्तिका लागि यस किसिमका कार्यक्रमले सकारात्मक सहयोग पुऱ्याउने विचार व्यक्त गर्नु भएको थियो । प्रदेश सरकारले निर्माण गरेको कार्यविधिका सबल पक्ष साथै गर्नुपर्ने केही सुधारका सम्बन्धमा तथा कार्यक्रमको सफलता तथा ऋण लगानी कार्यक्रमको पूर्ण सफलताको लागि कार्यक्रमको सम्बन्धमा अधारभूत तहका मानिसहरू सम्म प्रचार प्रसार, वित्तीय संस्थाहरूको तदारूकताका साथै वित्तीय साक्षरतामा जोड एवं कार्यक्रमको सफलता साथै लगानीको सदुपयोग तथा दोहोरोपना हटाउनका लागि नेपाल राष्ट्र बैंक मार्फत मापदण्ड, निर्देशन, अनुगमनका साथै दण्ड जरिवानाका विषयमा आवश्यक सहजिकरण गर्ने प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्नु भएको थियो ।

प्रदेश सकारका प्रमुख सचिव डा. मान बहादुर बि.क.बाट प्रदेश सरकारको हाई प्रोफाईल कार्यक्रम, हालको विषम परिस्थितिमा राज्यको भूमिका प्रभावकारी बनाउन यस कार्यक्रमले सहयोग पुऱ्याउने तथा कार्यक्रमको

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्याः-

चलानी नं.:-

मितिः २०७६।०८।१८

कार्यान्वयनका क्रममा देखिने समस्याको निराकारणका लागि सामूहिक प्रयासको आवश्यकतामा जोड दिंदै कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेश सरकारका मुख्यमन्त्रीज्यूले प्रदेश सरकारले धैरै अपेक्षा गरेको विशेष तथा चुनौतिपूर्ण कार्यक्रमले आर्थिक, सामाजिक रूपान्तरण गर्ने साझा अभियानको रूपमा विभिन्न अनुदान कार्यक्रमलाई व्यवस्थित गर्ने उद्देश्यका साथ यस कार्यक्रमको निर्माण भएको हो; कार्यक्रमको सफलताका लागि हरेक पक्ष रोजगारी सिर्जनाका लागि कटिबद्ध भएर लाग्नुपर्ने, पालिकाका वडाहरूलाई क्रियाशिल बनाई लक्षित वर्गसम्म कार्यक्रम पुऱ्याउने उद्देश्यका साथ वडागत रूपमा सिफारिसको व्यवस्था कार्यविधिमा राखिएको एवं कार्यक्रमको कार्यान्वयनको क्रममा आउने समस्या निराकरणको लागि प्रदेश सरकार तयार रहेको प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमका अध्यक्ष मा. आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेलबाट शुभकामना तथा कार्यक्रम समापन मन्तव्य राख्दै प्रदेशको उत्कृष्ट कार्यक्रमको रूपमा चित्रण गर्दै आफ्ना विचारका लागि सम्पुर्ण वक्ताहरू प्रति आभार व्यक्त गर्नुका साथै साविकको अनुदान प्रणाली अन्तर्गतका कार्यक्रममा आधारभूत नागरिकको पहुँच न्यून रहेको र सामाजका समिति वर्गमा मात्र समिति भएकोले सो को अन्त्यका लागि सहुलियतपूर्ण ऋण लगानी सम्बन्धि कार्यक्रम निर्माण भएको कार्यक्रमले परम्परागत सीपका साथै स्थानीय स्रोत साधानको समुचित प्रयोग गर्दै स्वालम्बन तर्फ अग्रसर हुने प्रेरणा दिने विश्वास लिनुभएको थियो । मुलुकको सामाजिक, सांस्कृतिक साथै प्राकृतिक विविधता माथि प्रकाश पार्दै आत्मनिर्भरताको लागि आफ्नो धरातल सुहाउँदो कार्यक्रम सञ्चालन गर्नुपर्ने विषयमा जोड दिंदै कार्यान्वयनका क्रममा देखिने कमी कमजोरीहरू सच्याउँदै धीरताका साथ सफलता तर्फ उन्मुख हुन शुभकामना व्यक्त गरी कार्यक्रम समापन गर्नु भएको थियो ।

फोन : ०५७-५२७५२०, E-mail:moeap@bagamati.gov.np, URL: moeap.bagamati.gov.np